भूमि व्यवस्था कृषि तथा सहकरी मन्त्रालय, प्रदेश नं. १, विराटनगर

कोभिड-१९को प्रभाव न्यूनिकरण गर्ने "कृषि व्यवसाय राहत कार्यक्रम" संम्वन्धि सूचना

कोरोना भाइरसको नियन्त्रण गर्न लकडाउनका कारण कृषि तथा पशुपन्छी जन्य उत्पादन क्षेत्रमा परेको प्रतिकूल प्रभावबाट कृषकहरुलाई संरक्षण गर्न "कृषि व्यवसाय राहत कार्यक्रम संचालन निर्देशिका २०७७" अनुसार राहत प्रदान गर्न यो सूचना प्रकाशन गरिएको छ ।यो सूचना प्रकाशन भएको मितिले "कृषि व्यवसाय राहत कार्यक्रम संचालन निर्देशिका २०७७" को दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिम १५(पन्ध्र) दिन (मिति २०७७/०२/२२) भित्र निम्न लिखित कागजात सहित आ-आफ्नो जिल्लाको कृषि ज्ञान केन्द्र वा पशु सेवा विज्ञ केन्द्र वा सम्वन्धित स्थानीय तहको कृषि विकास/पशु विकास शाखामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले तोकेको ढाँचामा निवेदन पेश गर्न सम्वन्धित सबै व्यक्ति वा फार्महरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो कृषि व्यवसाय राहत कार्यक्रम चालु आर्थिक वर्ष भित्रमा नै कार्यान्वयन गरिनेछ । राहतका लागि निवेदकले पेश गर्नुपर्ने फारामको ढाँचा र "कृषि व्यवसाय राहत कार्यक्रम संचालन निर्देशिका २०७७" <u>मन्त्रालयको वेवसाईट (www.molmac.p1.gov.np)</u> मा उपलब्ध छ ।

<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु</u>

१) मन्त्रालयको वेवसाईट (www.molmac.p1.gov.np)मा राखिएको ढाँचा अनुसारको निवेदन पेश गर्ने

२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

३) कृषि तथा पशुपन्छीजन्य उत्पादनमा भएको क्षतिको स्पष्ट व्यहोरा खोली प्रदेश सरकार वा स्थानीय तहको कृषि विकास/पशु विकास शाखाका कृषि प्राविधिकको प्रतिवेदन (अनिवार्य)।

४) स्थानीय तहको वडा कार्यालयवाट सम्बन्धित वाली वस्तुमा भएको क्षतिको परिमाण खुलेको सक्कलै सिफारिस पत्र (अनिवार्य)।

५) उत्पादनको वीमा गरेको हकमा वीमा गरेको कागजातहरुको प्रमाणित प्रतिलिपी।

६) फार्मको हकमा दर्ता प्रमाण-पत्रको प्रतिलिपि, पान नम्बर, नवीकरण र सहकारीको हकमा दर्ता प्रमाण-पत्रको प्रतिलिपि

७) आवेदकको बैंक नाम र खाता नं.

माथि उल्लेखित कागजात साथ विषयगत कार्यक्रमका आवेदकहरुले निम्न थप बमोजिम थप कागजात पेश गर्नु पर्नेछ

क) कुखुरा पालन

१) २०७६ माघ १५ पछी चल्ला खरिद गरेको बिल विजक प्रतिलिपि

२) संम्बन्धित कार्यको लागि कृषि ऋण प्राप्त गरेको भए स्थानीय तह वडा कार्यालयको सिफारीस र संम्बन्धित बैंक मार्फत प्रमाणिकरण गरेको व्याज खुल्ने प्रतिवेदन ।

३) २०७६ फाल्गुन मसान्त सम्मको ऋणको स्टेटमेन्ट

ख) बंगुरपालन

१. लक डाउन अवधिमा दाना खरिद गरिएको बिल विजक

२. मासुका लागि पालिएको विक्रीयोग्य वंगुर संख्याका आधारमा लक डाउनका कारण वेच्न नसकी थप दाना खपत भएको परिमाण खुल्ने कागज

ग) दुध बिक्रि

१. दुध संकलन गर्ने केन्द्र वा सहकारीले फाल्गुन महिनामा आफ्ना प्रत्येक सदस्य किसानहरुले संकलन केन्द्रमा दैनिक जम्मा गरेको दुधको परिमाण खुलेको विवरण को प्रमाणित प्रतिलिपी ।

२. दुध संकलन गर्ने केन्द्र वा सहकारीले लक डाउन समयमा आफ्ना प्रत्येक सदस्य किसानहरुले संकलन केन्द्रमा दैनिक जम्मा गरेको दुधको परिमाण खुलेको विवरण को प्रमाणित प्रतिलिपी ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

३. दुध संकलन गर्ने केन्द्र वा सहकारीले आफ्ना सदस्यहरुले लक डाउनका कारण दुध विक्री हुन नसकेको किसानको नाम नामेसी सहितको दुधको परिमाण ( १ र २ फरक अनुसार)

घ. प्रदेश वाहिर धुलो वनाउन लगेको दुधको हकमा/ चिज वा छुर्पी वा खुवा वनाउने उद्योगहरुको हकमा

१. दुध प्रसोधन गरी धुलो दुध वनाउनका लागि प्रदेश वाहिर दुध ढुवानी गरी लगेमा दुध प्रसोधन गरी धुलो वनाउन लैजाने सहकारी संस्थाको वा डेरीको ढुवानी गरी प्रदेश वाहिर लगेको दुधको परिमाण खुलेको कागजात वा धुलो दुध उत्पादकले जारी गरेको धुलो दुधको परिमाइ खुलेको कागजात।

२. दुध प्रसोधन गरी चिज वा छुर्पी वा खुवा वनाउने उद्योगहरुको हकमा लक डाउन अवधिमा उल्लेखित वस्तुको उत्पादन र बिक्रि परिमाण खुल्ने उत्पादकको आर्थिक प्रतिवेदन ।

ङ. चियाको हरियो पत्ती

- सहकारी तथा समूहगत रुपमा साना किसानहरुले उत्पादन गरेको चियाको हरियो पत्ती लकडाउनका कारण टिप्न नसकेको प्रमाणित भएको अवस्थामा गत वर्ष सोही समयमा किसानको नाम ठेगाना र हरियो पत्तीको उत्पादन गरी विक्री गरेको परिमाण खुल्ने समूह सहकारी वा प्रसोधन उद्योगको आधिकारीक रेकर्डको प्रमाणित प्रति ।

च. तरकारी तथा फलफूल

१.तरकारी तथा फलफूलको लक डाउनका कारण क्षति भएको परिमाण खुलेको वडा कार्यालयको सिफारिस तथा प्रमाण

२. आगामी सिजनमा गर्ने व्यवसायको सक्षिप्त स्पष्ट योजना वा उक्त अविधिमा सो व्यवसाय सम्बन्धि कार्य सूरु गरेको भए सो (सामग्री खरिदको बिल/बिजक आदि कागजात) को प्रमाण ।

छ. च्याउ वालीका हकमा

- च्याउको क्षति भएको परिमाण खुलेको विवरण र प्रतिकिलो साठी रुपैयाका दरले हुन आउने रकम खुलेको विवरण

ज. मत्स्य उत्पादकको हकमा

- लक डाउन अवधिको विद्युत महशुल खुलेको कागजातको प्रमाण

ब्याज अनुदान का लागि

माथि निवेदन दिनेहरुले ब्याज अनुदान फारम भर्न पाँउने छैनन । यसमा निवेदन दिन क्षति भएको वडा कार्यालयको आधिकारीक सिफारिस पत्र / प्रहरी मुचुल्का अनिवार्य समावेश हुनुपर्नेछ ।

१. बैकले ऋण उपलब्ध गराएको तथा लकडाउन अवधिको ब्याज रकम खुलेको बैक वा ऋणदाता संस्थाको प्रमाणित प्रतिलिपी

२. चार महिनाको ब्याज रकम खुलेको कागजात

| क सं | कुल ऋण रकम | ब्याज अनुदान | कैफियत |
|---|---|---|---|
| १. | पाँच लाख रुपैया लाख सम्म | अधिकत्तम बाह्र प्रतिशत ब्याजदरले हुने रकम मात्र | बाह्र प्रतिशत भन्दा बढीको ब्याज ऋणी स्वयंले व्यहोर्ने |
| २. | पाँच लाख रुपैया लाख भन्दा माथि पन्ध्र लाख रुपैया सम्म | ब्याज रकमको पचाश प्रतिशत वा छ प्रतिशत ब्याजदरले हुने रकम (जुन कम हुन्छ) | |
| ३. | पन्ध्र लाख रुपैया भन्दा माथि तीस लाख रुपैया सम्म | ब्याजको चालीस प्रतिशत वा पाँच प्रतिशत ब्याजदरले हुने रकम (जुन कम हुन्छ) | |